किशोर आश्रय हेरचाह सुनुवाई अधिकारहरू

नमस्कार ।

यस सुनुवाइको मुख्य उद्देश्य के बच्चाको लागि घर फर्काउन सुरक्षित र उपयुक्त छ कि छैन भन्ने निर्धारण गर्नुको लागी हो।

यदि न्यायाधीश वा न्यायिक रेफरीले बच्चालाई अझै सुरक्षित गर्न आवश्यक छ जस्तो लाग्छ भने, वा यदि बच्चालाई घर जान अनुमति दिंदा अरू व्यक्तिलाई वा सम्पत्तिलाई खतरामा पार्न सक्छ भन्ने लाग्योमा न्यायाधीश वा न्यायिक रेफरीले बच्चालाई घर पठाउने अनुरोध अस्वीकार गर्ने निर्णय गर्न सक्छन्।

बच्चालाई न्यायाधीश वा न्यायिक रेफरीले पनि घरबाट टाढा बाहिर राख्न जारी राख्न आदेश दिन सक्छन्।

यदि बच्चाको निगरानी र हेरचाह गर्न उपयुक्त कोही वयस्क व्यक्ति सक्षम छैन भने, यदि त्यहाँ बच्चाको हेरचाह गर्ने कोही छैन भने, यदि त्यहाँ बच्चा भाग्ने चिन्ता छ भने, वा बच्चाको हेरचाह गर्ने व्यक्तिले बच्चालाई लैजान्छ वा उनीहरूले अदालतमा बच्चालाई पुन फ़िर्ता न ल्यायोमा, न्यायाधीश वा न्यायिक रेफ्रीले बच्चालाई घरबाट बाहिर नै राख्न जारी आदेश दिन सक्छन्।

यस अदालतको सुनुवाइ सुरु हुनु अघि बालबालिका र आमाबाबु वा अभिभावकको अधिकारको समीक्षा गरौं।

किन भने यो सुनुवाइले बच्चालाई सुरक्षा वा सेवाहरूको आवश्यकता छ कि छैन भनेर निर्धारण गर्नको लागि हो, यस अदालतले कुनै पनि बच्चाको लागि स्वतः एक कानूनी सल्लाह दिने छ यदि बच्चा पर्याप्त उमेरको छ र अदालतको प्रक्रिया राम्ररी बुझ्न सक्षम छ र आफ़नो वकिललाई व्याख्या गर्न सक्छ कि उनीहरूले यस मुद्दामा के होस भनि चाहन्छ साथ साथै किन त्यसो होस भनी व्याख्या गर्न सक्छ भने।

यदि तपाईं बच्चाको अभिभावकको रूपमा, तपाइँसँग यस मुद्दाको प्रत्येक तहमा कानुनी प्रतिनिधित्व गर्ने वकिल राख्न पाउने अधिकार पनि छ। यदि तपाइँ वकिलको लागि शुल्क तिर्न असक्षम हुनु हुन्छ भने यस अदालतले तपाइँको लागि वकील नियुक्त गर्न सकिन्छ। तपाइँको लागि यस अदालतले नियुक्त कानुनी प्रतिनिधित्व नियुक्त गर्नको लागि योग्य हुनु हुन्छ कि छैन भनेर पत्ता लगाउनको लागि तपाइँले पहिले आवेदन फारम भर्नु पर्छ।

यदि तपाइँ अदालतमा नियुक्त गरिएको सल्लाहको लागि योग्य हुनु हुन्छ भने, वकिललाई नर्थ डकोटा (North Dakota) राज्यले भुक्तानी गर्ने छ। यद्यपि, तपाईंलाई थाहा हुनु पर्छ कि नर्थ डकोटा कानून अन्तर्गत, न्यायाधीश वा न्यायिक रेफरीले तपाईंलाई त्यो वकिलको लागि केही वा सबै लागत शुल्कहरू राज्यलाई प्रतिपूर्ति गर्न आवश्यक हुन सक्छ। तपाईले यो पनि थाहा पाउनु पर्छ कि यदि तपाई मध्ये दुई वा धेरै बीचको स्वार्थको द्वन्द्व छ भने अदालतले तपाई प्रत्येकको लागि फरक-फरक वकिल नियुक्त गर्न आवश्यक छ भन्ने कुरामा पनि सचेत हुनु पर्छ।

यद्यपि, तपाईंले भर्खरै यस अदालतलमा वकिलको नियुक्तको लागि निवेदन दिनु भएको भयो पनि आजको सुनुवाइ हुने छ। किन भने तपाईसँग यस अदालतलमा तपाईको बच्चालाई घर फर्किनु पर्छ भन्ने तपाईलाई लाग्छ भने, तपाईंले अनुरोध गर्ने अधिकार छ। साथ साथै कानुनी व्यवस्था अनुसार यस अदालतले छयानब्बे घन्टा भित्र फैसला गर्नु पर्ने छ कि तपाइँको बच्चा घर फर्कन ठिक छ कि छैन भनेर।

यदि अदालतले नियुक्त गरेको कानुनी सल्लाहकार वकीलको लागि तपाईंको अनुरोध स्वीकार गरिएको छ वा यदि तपाईं आफ्नो प्रतिनिधित्व गर्न अधिवक्ता आफ्नै व्यक्तिगत खर्चमा नियुक्त गर्नु भयो छ र न्यायाधीश वा न्यायिक रेफरीको आजको निर्णयसँग तपाईं असहमत हुनु हुन्छ भने तपाईंसँग सेल्टर केयर हियरिंग (shelter care hearing) सुनुवाइको लागि अनुरोध गर्ने अधिकार छ।

यदि अदालतलमा तपाईंको बच्चालाई सुरक्षा वा सेवाहरू चाहिन्छ भन्ने कुनै पनि आरोपको सन्दर्भको सुनुवाइमा तपाईंसँग मौन बस्ने अधिकार छ। यसको दावीलाई प्रमाणित गर्ने नर्थ डकोटा (North Dakota) राज्यको जिम्मेवारी हो।

यदि यस अदालतलमा जब न्यायाधीश वा न्यायिक रेफरीले बच्चा घर फर्कन सक्दैन भनेर निर्धारण गर्द छ, अदालतले बच्चालाई परिवारबाट हटाइएको मिति देखि साठी दिन सम्म सेल्टर केयर (shelter care) को हेरचाहमा रहने आदेश दिन सक्छ। यदि इण्डियन चाइल्ड वेलफ़ेयर एक्ट (Indian Child Welfare Act) लागू हुन्छ भने, त्यो समयावधि तिस दिनसम्म मात्रमा सीमित हुन्छ।

यस सुनुवाइको सुरुमा हुनु अघि नै तपाईलाई, न्यायिक रेफरी वा न्यायाधीशले तपाईलाई यी माथि उल्लेखित अधिकारहरू बुझ्नु भएको छ भनी प्रश्न सोध्ने छन्। यदि तपाईंसँग माथि उल्लेखित अधिकारहरूको बारेमा कुनै प्रश्नहरू छन् भने, तपाईंले न्यायिक रेफरी वा न्यायाधीशहरूलाई प्रश्न सोध्न सक्नु हुन्छ।